परिशिष्ट-१

(दफा-३ सँग सम्बन्धित)

**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

**फिक्कल, इलाम**

**उद्यम विकास सहजकर्ता करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२६)

प्रस्तुत विषयमा, सूर्योदय नगरपालिकाको आ.व. ०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि तपशिलको विवरण अनुसारका कर्मचारीहरू सेवा करारमा नियुक्ति गरी पदपूर्ती गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले कार्यालयमा स्वयं उपस्थित भइ यो सूचना प्रथम पटक प्रकाशित भएको मिति (२०७७/०७/२६)ले पन्ध्र (१५) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क.सं. | विज्ञापन नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०८/०७७/७८ | उद्यम विकास सहजकर्ता | २ (दुई) | |

१. **आवेदकको न्यूनतम योग्यता :**
   - क. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी Diploma Course उत्तीर्ण गरेको वा
   - ख. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा
   - ग. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको

२. **उमेर :** १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

३. **दरखास्त दिने स्थान :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल ।

४. **दरखास्त दिने अन्तिम मिति :** कार्यालयले तोकेको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।

५. **आवेदनको दस्तुर :** रु. ७००।- **र आवेदन फारम दस्तुर :** रु. ५०/-

६. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता परीक्षा ।

७. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकताको प्रतिलिपि
   - न्यूनतम योग्यताको लव्धाङ्क प्रमाणपत्र
   - चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

८. **सेवा सुविधा :** सूर्योदय नगरपालिका, फिक्कलले तोके बमोजिम हुनेछ।

९. **लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई विशेष प्राथमिकता दिइनेछ ।**

१०. **दरखास्त फारम कार्यालयमा प्राप्त गर्न सकिनेछ ।**

११. **आवेदन दस्तुर सूर्योदय नगर कार्यपालिकाको कार्यालयमा राजश्व तिरी सोको रसिद पेश गर्नुपर्नेछ ।**

२०७७/७/२६

**प्रकाशराज पौडेल**

प्रमुख प्रशासकीय अधिकृत